नेपाल ग्रामीण पुनर्निर्माण संस्था:(आरआरएन),समुदाय सहयोग कार्यक्रम खोटाङद्धारा प्रकाशित पाक्षिक

# शान्तिका लागि सचेतना

बर्ष १, अंक २, दिक्तेल, खोटाङ २०६८ असाढ १६ गते बिहीबार Wednesday 30 June 2011 

विशेष जानकारी

## शान्ति प्रबर्द्धन केन्द्र



टहल जिरेल

नेपाल ग्रामीण पुनर्निर्माण संस्था-आर.आर.एन. र केएर नेपालद्धारा UKaid को सहयोगमा संचालित समुदाय सहयोग कार्यक्रम (CSP-II) अन्तर्गत द्धन्द पश्चात समुदाय स्तरमा विद्यमान रहेको गरिबी र सामाजिक अन्यायको मूल कारणहरु पहिचान गरी अधिकारबाट बञ्चितिकरण र सामाजिक विभेदीकरणलाई घटाउनको लागि संगठित भएको एक समूह नै शान्ति प्रबर्द्धन केन्द्र हो । जसले स्थानीय समुदायको सीप तथा क्षमता अभिबृद्धि गर्न, जनपैरवी तथा अभियानको रुपमा अगाडि बढाउन आफ्नो अधिकारलाई सुनिश्चित गर्न गराउनका लागि सप्ताहिक रुपमा ब्यहवारिक छलफल गर्ने गर्दछ ।

शान्ति प्रबर्द्धन केन्द्रले विगत धेरै बर्ष अघिदेखि समुदायमा विद्यमान सामाजिक विभेदका शिकार बन्दै आएका महिला, दलित, आदिवासी जनजाति तथा पछाडी पारिएका वर्गहरु साथै द्वन्द्वबाट प्रभावित व्यक्तिहरुलाई समेत समेट्दै विकास कार्यक्रममा समानुपातिक समावेशी रुपले प्रतिनिधित्व, सक्रिय सहभागिता र शक्ति सन्तुलनमा जोड दिँदै आएको छ । समाजमा जकडिएर रहेका सामाजिक विभेदहरुका कारण पहिचान गरी त्यसको समाधानका लागि सशक्तरुपमा जनपैरवी अभियान संचालन गर्ने कार्यको थालनी भएको छ । अधिकारको दावी गर्ने र सामाजिक समावेशीकरणका सवालहरुमा सशक्त आवाजहरु उठ्न थालेका छन् । लैङ्गिक सम्वेदनशिल विकास अवधारणा र सामाजिक रुपान्तरणका अभ्यासहरु शुरुवात भएका छन् ।

शान्ति प्रबर्द्धन केन्द्रबाट समुदायस्तरमा गरिएका प्रयासहरु र त्यसबाट भएका सिकाइ तथा अनुभवहरु आदान प्रदान गर्दै सामूहिक छलफल तथा अन्तरक्रियाका माध्यमबाट भोलिको नयाँ नेपाल निर्माणका लागि आधार तयार पार्न मद्दत पुग्नेछ । एउटै भुगोलमा दोस्रो दर्जाको नागरिकको रुपमा रहन बाध्य महिला, दलित तथा आदिवासी जनजातिहरुको विकासको प्रतिफल उपभोग गर्ने र सम्मानित जीवन निर्वाह गर्ने नैसर्गिक अधिकार प्राप्ती त्यसका माध्यमबाट राज्यको पुर्नसंरचनाका लागि राष्ट्रिय नीति निर्माणमा जुट्न जरुरी छ । जसले शान्तिपूर्ण र सम्मानपूर्ण नेपालको निर्माणको ढोका खोल्नेछ । समावेशी लोकतन्त्रको संस्थागत विकास तर्फ समुदायलाई अभ्यस्त गराउन सहयोग हुनेछ ।

त्यसकारण समुदायमा अधिकार हननका सवालहरु पहिचान गरी पिडित वर्गको अगुवाईमा अधिकार स्थापनाका लागि सशक्तीकरण गर्दै अभियान संचालन गर्न समुदायस्तरमा स्थापना गरिने केन्द्रहरु नै शान्ति प्रबर्द्धन केन्द्र हुन् । यी केन्द्रहरु मुख्यत: सवालमा आधारित भई कार्य उन्मुख हुन्छन् । समुदायमा विद्यमान विभिन्न सामाजिक अन्यायका रुपमा रहेका संरचनागत विभेद तथा वर्तमानका जल्दाबल्दा सवालहरुमा व्यापक छलफल गर्दै समुदायलाई सशक्तीकरण तथा सचेतीकरण गर्नु यसको मुख्य उद्देश्य रहेको छ । यस कार्यले समुदायलाई अधिकार प्राप्तीको अभियानमा क्रियाशिल हुन उत्प्रेरित गर्दछ ।

अधिकार हनन् तथा विभेदका मूल कारणहरु पहिचान गरी त्यसको सवालमा जनपैरवी अभियान संचालन गर्दै द्धन्द्धका कारण विग्रिएको सामाजिक सम्बन्धमा सुधार र आपसी विश्वासमा बृद्धि गर्नु पनि यसको उद्देश्य रहेको छ । त्यतिमात्र नभएर प्राकृतिक स्रोत माथि समानुपातिक रुपमा पहुँच तथा नियन्त्रण कायम गर्दै वातावरण सुधार तर्फ समेत संवेदनशील कार्यक्रम संचालनमा योगदान दिनु केन्द्रको अर्को उद्देश्य रहेको छ ।

नेपाल ग्रामीण पुनर्निर्माण संस्था-आर.आर.एन. जिल्ला कार्यालय खोटाङ्गद्धारा युकेएडको सहयोगमा समुदाय सहयोग कार्यक्रम (CSP-II) अन्तर्गत अप्रिल २०१० देखि मार्च २०१२ सम्मका लागि जिल्लाको पाथेका, खार्मी, नर्मलीडाँडा, चिउरीडाँडा, चिप्रिङ्ग र इन्द्राणीपोखरी गरी जम्मा ६ वटा गा.वि.स. हरुमा ३३ वटा शान्ति प्रबर्द्धन केन्द्रहरु गठन गरी त्यससँग सम्बन्धीत विभिन्न कार्यक्रमहरु संचालन गरिदै आएको छ । जस अन्तर्गत गठन भएका शान्ति प्रबर्द्धन केन्द्रहरु: **(बाकी पेज ४ मा)**

## सम्पादकीय

नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) समुदाय सहयोग कार्यक्रम दोस्रो चरण, खोटाङद्धारा प्रकाशित यस **शान्तिका लागि सचेतना बुलेटिन** शान्ति प्रबर्द्धन केन्द्रका सदस्यहरु तथा अन्य समुदायको सफलताको कथा, कविता, लेख रचना तथा अन्य जिल्लाका उदाहरणीय कामको बारेमा सबैसंग सुसुचित गर्ने मुख्य उद्धेश्यका साथ शुरुवात गरिएको हो । यस बुलेटिनमा अधिकारमा आधारित सचेतनामुलक, सीप विकास तथा जीविकोपार्जनसंग सम्बन्धीत र विकाससंग सम्बन्धित अन्य उदाहरणीय लेख रचनाका साथै आरआरएन सिएसपी खोटाङको गतिविधीहरु उल्लेख हुनेछ ।

यो हाम्रो दोस्रो अंक हो यस बुलेटिनलाई पठनीय र जानकारीमुलक बनाउनका लागि हामी तपाईहरुबाट निरन्तर सुझाव, सल्लाह र सृजनात्मक आलोचनाको अपेक्षा राख्दछौं । यसको साथै आगामी अंकको लागि माथि उल्लेखित विषय भित्र रही आफ्ना अमुल्य लेख, रचना पठाई प्रकाशनमा सहयोग गरिदिनु समेत सबैलाई विनम्र अनुरोध गर्दछौं ।

## ग्रामिण पुन निर्माण सम्बन्धी सुत्रहरु:

- ग्रामिण किसानहरुको दैलो दैलोमा पुगौ
- ग्रामिण किसानहरुसँगै मिलौ बसौ
- ग्रामिण किसानहरुबाट सिकौ
- ग्रामिण किसानहरु सँगै मिलेर योवना तर्जुमा गरौ
- ग्रामिण किसानहरु सँगै कार्यान्वयनमा जुटौ
- ग्रामिण जुक्तिबाट प्रारम्भ गरौ, सथानीय स्रोतको परिचालन गरौ
- उदाहरण दिई सिकाऔ, प्रयोग गरी सिकौ
- देखावटी उदाहरण होइन, क्रमबद्धत्ता अपनाऔ
- एकाङ्कि पाइला नचालौ, एकिकृत पाइला चालौ
- समस्याको समाधान मात्र होइन, जविन निर्माण गरौ
- भोकको तृप्ति होइन, जीउने जुक्ति खोजौ

मेहेनती व्यक्तिहरुसँग उद्धेश्य हुन्छ, अरुसँग इच्छा मात्र हुन्छ-वासिङ्टन इर्भिङ ।

# जलवायु परिवर्तन र ग्रामीण



पेम्बा तामाङ

**जलवायु परिवर्तन** र **जीविकोपार्जन** यी दुवै विषय आज भोलि विकासे कार्यकर्ताहरुले छलफलमा ल्याउने विषय हुन भने हामी ग्रामीण भेगमा वसोबास गर्ने मानिसहरुले जान्नै पर्ने कुरा हो । खास गरेर ग्रामीण भेगमा वसोबास गर्ने कृषकहरुले जलवायु परिवर्तन वुभ्न आवश्यक छ किनकि जलवायु परिवर्तनका असरहरुले हाम्रो जीविकोपार्जन तथा उत्पादनसँग प्रत्यक्ष सरोकार राख्दछ ।

सामान्य अर्थमा बुभ्नु पर्दा जलवायु परिवर्तन भनेको विभिन्न मानवीय कृयाकलापहरुले उत्सर्जन भएको हरितगृह ग्यासहरुको मात्रा वायुमण्डलमा बढ्न गई पृथ्वीको तापक्रम बढ्नाले पृथ्वीको औसत मौषम अनियमित हुनु हो । कार्बनडाइअक्साइड ($CO_2$), नाइट्रस अक्साइड ($NO_2$), मिथेन ($CH_4$), ह्यालोकार्बन (HC), ह्यालोफ्लोरो कार्बन (HFCs), परफ्लोरो कार्बन (PFCs), सलफर हेक्जाफ्लोराइड ($SF_6$) लाई मानव सिर्जित कृयाकलापहरुबाट उत्पन्न र जलवायु परिवर्तनमा प्रमुख भूमीका खेल्ने हरितगृह ग्याँसका रुपमा क्योटो अभिसन्धीले सूचीकृत गरेको छ । मान्छेले विकासक्रम संगसंगै आफ्ना आवश्यक्ता पूर्ति गर्न प्रयोग गर्ने विभिन्न किसिमको पेट्रोलियमजन्य खनिज, कुलर, एयर कन्डिसनर, रेफ्रिजेरेटर तथा ठूला उद्योगहरुबाट निस्कने धुवाँ, विभिन्न किसिमका रसायनिक विषाधी प्रयोग तथा रसायनीक भट्टी, वन विनाशबाट उत्सर्जन हुने हरितगृह ग्यास जलवायु परिवर्तनका प्रमुख कारण हुन् ।

कार्बन उत्सर्जनमा न्युन भूमिका भए पनि खास गरेर जलवायु परिवर्तनका असर हाम्रो जस्तो ग्रामीण मूलुकले भोग्नु परिरहेको छ । जैविक विविधतामा ह्रास, प्राकृतिक विनाश, कृषिमा नकारत्मक प्रभाव जस्ता चौतर्फी असरहरुले गर्दा ग्रामीण मूलका विशेष गरेर साना किसानहरु जलवायु परिवर्तनका चपेटामा परिरहेका छन् र दिनहू दिन खाद्य दृष्टिले पनि असुरक्षित बन्दै गइरहेका छन् । जलवायु परिवर्तनले गर्दा तापक्रम बढ्ने क्रममा हिमालको हिउँ पग्लने, पानीका श्रोतहरु सुक्दै जाने, अनावृष्टि, खण्डावृष्टि तथा अति वृष्टि, नयाँ किसिमका किरा तथा झारहरुको अक्रमण, प्रजाति लोप तथा स्थानन्तरण जस्ता समस्याहरु देखिन थालेको छ, यसबाट बाढी पहिरो, स्वास्थ्यमा नकारत्मक असर, हैजा जस्ता महामारीको संक्रमण तथा कीराका कारणबाट हुने रोगहरुमा बृद्धि हुदै गइरहेको छ । एकै दिनमा काठमाडौंको तापक्रम चार डिग्री सेल्सीयससम्म तलमाथि हुनु, बाग्लो तुवालोको कारण लण्डन सहरबाट हप्तौसम्म हवाईजहाज उडन नहुनु, लामखुट्टे नाम्चे बजारमा देखा पर्नु, पुषमा लालीगुराँस डकमक्क फुल्नु, कम समयमा धेरै वर्षा हुनु तथा समय भन्दा अघि पछि वर्षा हुनु, वढी उचाईमा पनि धान खेती हुनु आदि जलवायु परिवर्तनका प्रष्ट संकेतहरु हुन

वास्तावमा जलवायु परिवर्तन विकसित तथा विकासउन्मुख देशहरुका लागि उत्तिकै चासोको विषय हो । जलवायु परिवर्तनलाई न्यूनिकरण गर्ने तथा यसका असरहरुबाट बच्ने विषयमा हालसम्म विश्वमा धेरै चर्चा, छलफल तथा सम्मेलन भएका छन् । खास गरेर जलवायु परिवर्तनलाई सम्बोधन गर्ने दृष्टिकोणले सन् १९९२ मा ब्राजिलमा सम्पन्न Earth Summit, क्योटो अभि सन्धी, सन् २००७ मा इन्डोनेसियाको बालीमा सम्पन्न तेह्रौं राष्ट्रहरुको सम्मेलन, सन् २००९ मा कोपेन हेगनमा सम्पन्न संयुक्त राष्ट्रसंघको जलवायु परिवर्तन भेलालाई चासो पूर्वक हेरिएको थियो । उक्त सम्मेलनहरुमा बाध्यकारी हरितगृह ग्याँस उत्सर्जनमा कमी ल्याउने विषयमा सम्झौता हुन सकेन तर विभिन्न राष्ट्रहरुले आफ्नै तरिकाले उत्सर्जन घटाउने लक्ष्य लिएका छन् भने विकासउन्मूख राष्ट्रलाई अधिक कार्बन उत्सर्जन गर्ने धनी राष्ट्रले आर्थिक एवं प्राविधिक सहयोग उपलब्ध गराउने सहमती भएको छ । यसै क्रममा विकास भै रहेको रेड (वन विनाश तथा वन क्षयिकरणबाट हुने कार्बन उत्सर्जन न्यूनिकरण) अवधारणा बन सम्पदा भएका विकासउन्मूख राष्ट्रहरुका लागि चुनौती तथा अवसर हो । यस अवधारणा अन्तर्गत वन विनाश तथा वन क्षयिकरणबाट भइरहेको उत्सर्जनमा कमी ल्याउने तथा वनको माध्यमबाट कार्बन सञ्चिति गर्ने र धनी राष्ट्रले कार्बन उत्सर्जन गर्दै आए बापत त्यस बराबरको मूल्य तिर्नुपर्ने हुन्छ ।

अब हामी जलवायु परिवर्तनसँग कसरी अनुकुल हुने तथा न्युनिकरणका लागि के गर्ने भन्ने कुरा गरौं । हुन त नेपालले रेड अवधारणा अन्तर्गत कार्बन व्यापारबाट तुलनात्मक लाभ लिन सक्ने देखिदैन तर पनि आजको आवश्यकता अनुसार हामीले वनको क्षेत्रफल तथा गुणस्तार बृद्धि गर्ने, त्यसमा क्षयिकरणको कमी गर्ने र वनमा डडेलो लाग्न नदिने कुरामा सचेत हुनुपर्छ । हरितगृह ग्याँसको प्रयोगमा कमी ल्याउने तथा वैकल्पिक उर्जाको प्रयोग तथा प्रबर्द्धन गर्ने, जनचेतनाको कार्यक्रमबाट सचेत गराउने, जोखिम मापन गर्ने, के गर्न सकिन्छ भनेर छलफल गर्ने, जलवायु परिवर्तनबाट हुन सक्ने विपत्तिकाबारे जनचेतना अभिबृद्धि गर्ने, पूर्व तयारी गर्ने, वाली लगाउने तरिका परिवर्तन गर्ने, जलवायु प्रतिरोधात्मक वालीको जातहरुको विकास तथा प्रयोग गर्ने आदि हामीले जलवायु परिवर्तनसँग जुझन गर्न सकिने कार्यहरु हुन् ।

हाम्रो जस्तो मनसुनी कृषिमा आश्रित रहेको अर्थतन्त्र तथा जीविकोपार्जनमा भोलीको दिनमा बदलिँदो जलवायुसँग अनुकुलन गर्न सकिएन भने अभिष्टसंकट पर्ने प्राय निश्चित छ र जलवायु परिवर्तनका नकारात्मक असरहरुले सबै भन्दा बढी प्रभाव पार्ने पनि खाद्य असुरक्षित गरीब तथा साना किसन नै हुन । त्यसैले जलवायु परिवर्तन सम्बन्धी नीति निर्माण तहमा पनि यी वर्गहरुको सहभागीता तथा प्रतिनिधित्व अपरिहार्य रहेको छ । साथै जलवायु परिवर्तनलजीविकोपार्जनमा पर्ने असरहरुको सम्बन्धमा पनि सचेत हुनु पर्ने देखिन्छ ।

आरआरएन (सिएसपी) खोटाङ्गद्वारा प्रकाशित पाक्षिक
**शान्तिका लागि सचेतना**
**बर्ष १, अंक १**
**२०६८ असाढ १ गते बुधबार**
**Wednesday 15 June 2011**

**सल्लाहकार**
कुलचन्द्र दाहाल
नविन कार्की

**सम्पादन मण्डल**
**संयोजक**
रिदारसिरु लामा
**सदस्यहरु**
पेम्बा तामाङ, टहल जिरेल
पर्शुराम आचार्य, योग्यराज अधिकारी

**सम्पर्क**
फोन न. ०३६-४२०५५७
इमेल: rrndiktel@gmail.com
दिक्तेल, खोटाङ

## समयको महत्व

- दश वर्षको महत्व अनुभव गर्न,
भर्खरै सम्वन्ध विच्छेद गरेको दम्पतीलाई सोध्नुहोस ।
- चार वर्षको अनुभव गर्न,
विद्यालयबाट भर्खर छुट्टिएका मायालुलाई सोध्नुहोस ।
- एक वर्षको महत्व अनुभव गर्न,
वार्षिक परिक्षा अनुत्तिर्ण विद्यार्थीलाई सोध्नुहोस ।
- नौ महिनाको महत्व अनुभव गर्नका लागि,
भर्खर वच्चा जन्माएको आमालाई सोध्नुहोस

**क्रमश:**

## मान्छे किन फरक



**योग्य राज अधिकारी**

मान्छे भएर पनि हामीलाई मान्छेको व्यवहार
किन गरिदैन,
एकाइसौं सताब्दीको मान्छे मान्छे विचको
भेदभाव किन हट्न सकेको छैन ।
मान्छे मान्छे उस्तै भए फेरि यो पर्खालले छेकेको किन,
रगत सबैको रातो भए मान्छेले छुएको नखाको किन ।
मान्छेमा चेतना भए पनि सामाजिक कुरीति ढलेको छ
त्यसैले नै होला अहिलेसम्म महिलालाई अधिकार सम्पन्न
बनाएको छैन ।
पशुलाई बरु घर भित्र पस्ने छ भने अधिकार,
मान्छेलाई चैं खै कुन्नी किन छैन भित्र जाने अधिकार ।
काटे रगत आउँछ सबैको रातो, हरियो कसैको आउँदैन
छुवाछुत नहटाइ हाम्रो समाजमा मुक्तिको दिन कहिल्यै आउँदैन ।

# शान्ति प्रबर्द्धन केन्द्रले आएको परिवर्तन



मिना गिरी

**अध्यारो औसीको रातमा पनि एउटा जुनकिरीले प्रकाश छर्न सक्छ मध्य दिनको चैत्रको घाममा पनि रुखले शितल छहारी दिन सक्छ ....**

आज म आफ्नै जीवनको कथा लेख्दैछु, म मेरो उराठलाग्दो वेदना पोख्दै छु । कुनै दिन म यस धर्तीमा जन्म लिए अनि जन्मिएको समाजमा हुर्किदा अन्धकारको सुसेलीमा गीत गुञ्जि रहेछ । प्रत्येक घरमा महिला हिंसा भईरहेको, महिला बोल्दा पोथी बासेको भनिन्थ्यो । मलाई लाग्थ्यो, रात्रीको समयमा कुनै बाहना वनाएर त्यस समाजबाट बाहिरिउ भने पनि कुनै बाहना नै बनाउन आउँदैन । सोजे जस्तो कहाँ पो हुदो रहेछ र निचोरिएर, थिचिएर दवेर भए पनि उसैको अधिनमा बस्नु पर्ने कस्तो नियती । भावीले पनि के लेखी दिएको हो कुन्नी । आकाशका अनगिन्ती ताराहरुमा टोलाउथे, हराउथे त्यसैमा आपफ्सेआफ विलाउथे । अनि रात्रीको त्यो सुन्य समयमा अण्उत्तरित प्रश्नको मनमा भकारी भरेर त्यसै टोलाई रहन्थे विहानीको पर्खाईमा । आज खै के भएको छ खाली खाली एकान्त नै प्यारो लाग्न थाली सक्यो । दिन जान्छ अर्को रातले खुट्टा पछार्न थाल्छ । सूर्यले अस्ता चलमा रक्तिम किरणको सयर गर्छ हेर्दा हेर्दै एक छिनमा ताराले आकाश भरिन्छ । अनि मेरो लागि काल पनि सँगै भित्रिन्छ । यही खुल्ला चौउरमा यही रङ्गी विरङ्गी फूलको माझमा चराहरुको एकोहोरे आवाज धाराको पानीको कलकल आवाज नै मेरो साथी हुन्थ्यो अनि आशु पिएर भए पनि बाच्नु नै जीवन रहेछ । म विवस थिए नरकिय जीवन जीउन ।

तर, आज ममा देखिएको केही अनुभव तथा अनुभुतिहरु लेख्दैछु । नेपाल ग्रामीण पुनर्निर्माण संस्था आर.आर.एन. को सहयोगमा संचालित समुदाय सहयोग कार्यक्रम अर्न्तगत गठित मनकामना शान्ति प्रबर्द्धन केन्द्रमा आबद्धता भई महिलाहरुलाई आफ्नो हक अधिकारकाबारेमा सप्ताहिक छलफलसंगै ब्यहवारिक क्रियाकलापहरुले महिलामा शसक्तिकरण भईरहेका छन् । उक्त कार्यक्रमबाट महिला आफैमा चेतना जागृत भएको पाईयो । महिला र पुरुष हरेक कार्यक्रममा बराबरी तथा समान सहभागीता भन्ने नारा घन्किएका छन् । अहिले अधिकांश घरमा पुरुषहरुले घरको काममा सघाउन थालेको छन्, महिला बोल्दा पोथी बासेको भन्ने व्यक्तिहरु आज महिला पूरुष बराबर हो भनी आफ्ना पत्नि, छोरी, बुहारी, आमा, दिदी र बहिनीलाई गाउ देखि जिल्लासम्मको तालिम गोष्ठीमा सहभागी हुन पठाउन थालेका छन् ।



वास्तावमा शान्ति प्रबर्द्धन केन्द्र संचालन भए पछि टोलमा सबलाई सरसफाई अभियान चलाई सक्नेले आफै नसक्नेलाई मिलेर चर्पीबनाई खुल्लादिशा मुक्त टोल घोषणा गरिएको छ । प्रत्येक घरमा बाँसको टोकरी राखिएका छन् । महिलाहरु मासिक रुपमा बचत तथा आफ्नो समस्याकोबारेमा छलफल गर्न थालिएका छन् । मासिक बैठकमा योजनाहरु बनाउइ गा.वि.स. तथा अन्य निकायमा माग गर्न थालिएका छन् । आज हामी महिला तथा पछाडि पारिएकाहरुको लागी आर.अर.एन. अप्ठयारो साथी तथा बाटो देखाउने सहारा बनेको छ ।

मनकामना शान्ति प्रबर्द्धन केन्द्र
पाथेका ६, डाडागाउँ, खोटाङ्ग

## नेपाल ग्रामीण पुनर्निर्माण संस्था:आरआरएन, समुदाय सहयोग कार्यक्रम दोस्रो चरण खोटाङको गतिविधीहरु

- श्री बालवालिका नि.मा.वि. फर्निचर निर्माण सहयोग कार्यक्रम, चिउरीडाँडा १, कर्कले, श्री जालपा नि.मा.वि. भवन निर्माण सहयोग कार्यक्रम पाथेका ९, सिरुवास र हुर्लुङ्ग-बाक्शीला ग्रामीण सडक निर्माण सहयोग कार्यक्रम खार्मी १ र ३ का निर्माण उपभोक्ता समितिका पदाधिकारी तथा उपभोक्ताहरुलाई विभिन्न मितिमा एक दिने पूर्वयोजना व्यवस्थापन तथा अधिकारमूखी विकास पद्धतीका अवधारणा, सार्वजानिक लेखा परीक्षण, लैङ्गिक समनता, समावेशीकरण सम्बन्धी एक दिने तालिम योजना स्थलमा सम्पन्न गरिएको थियौं । उक्त तालिममा आर.आर.एन. खोटाङ्गमा कार्यरत कर्मचारीहरु पेम्बा तामाङ्ग, टहल जिरेल र पर्शुराम आचार्यले सहजीकरण गरेका थिए ।
- जिल्ला कृषि विकास कार्यालय खोटाङ्गको प्राविधिक सहयोगमा आर.आर.एन. खोटाङ्गले यही मिति २०६८ असार १२ देखि १५ सम्म ४ दिने व्यवसायिक वेमौसमी तरकारी खेती तालिम संचालन गरी समापन गरिएको छ । उक्त तालिममा ८ वटा शान्ति प्रबर्द्धन केन्द्रका १४ महिला र १ पुरुष गरी जम्मा १५ जनाको सहभागीता रहेको थियो । तालिम समापन कार्यक्रममा सहभागीहरुलाई प्रमुख जिल्ला अधिकारी श्री डिल्लीराम भट्टाराई, आर.आर.एन. खोटाङ्गका जिल्ला संयोजक श्री रिदार लामा, जिल्ला कृषि विकास कार्यालय प्रमुख श्री चेत नारायण पाण्डे र वरिष्ट वागवानी अधिकृत श्री श्याम प्रसाद घिमिरेले प्लास्टिक घर निर्माणका लागि प्लास्टिक, वीउ तथा प्रमाण पत्र वितरण गर्नु भएको थियो ।
- आर.आर.एन. खोटाङ्गले शिक्षित वेरोगार विपन्न युवाहरुलाई लक्षित गरी खोटाङ्ग विकास मञ्च कम्प्युटर अभियानसँगको सहकार्यमा मिति २०६८ असार ५ गते देखि तीन महिनाको आधारभूत कम्प्युटर तालिम संचालन गरी रहेको छ । स्थानीय विकास अधिकारी श्री बसन्त कुमार भण्डारीको प्रमुख अतिथ्यमा उद्घाटन भएको उक्त तालिममा ६ जना महिला र ६ जना पुरुष गरी जम्मा १२ जनाको सहभागीता रहेको छ
- चिप्रिङ्ग ८ स्थित नवज्योति शान्ति प्रबर्द्धन केन्द्रका सदस्यहरुले सरसफाई अभियान अन्तर्गत सावित्री कन्या प्रा.वि. को भवन र वरपर सरसफाई एवं मैदान सम्याउने कार्य गरेका छन् ।

## खोटाङ जिल्लाका मुख्य समाचारहरु:

१. खोटाङ्गका प्रमुख जिल्ला अधिकारी पितृ शोकका कारण विदामा बस्नु परेको र निमित्त प्र.जि.अ. समेत उपस्थित नभएको हुँदा हाल खोटाङ्गका सर्वसाधारणहरु प्रशासनिक कामबाट बञ्चित भई मारमा परेका छन् ।

२. मिति २०६८ असार १२ र १३ गते खोटाङ्ग स्थित दिगो भू-व्यवस्थापन कार्यक्रम (SSMP) को अर्ध बार्षिक समिक्षा तथा योजना तर्जुमा गोष्टी सम्पन्न भएको छ ।

## महिला सन्देश



सनिला विष्ट

नबनौ महिला हो पिन्जडाको चरी
हामी पनि बन्न हुन्न अब वेरोजगारी
लड्नु पर्छ हकहित र अधिकारको खोजी गरी
महिलाहरु मिली अघिबढ्नु पर्छ सधै भरी
नबसौ है महिला हामी अध्यारोमा परी
देखाउऔं उज्यालो गाउँमा आफै मइन् वत्ती वनी
अशिक्षाले गर्दा खेरी परेका हामी बन्चितिमा
फैलाउऔं शान्ति प्रबर्द्धन केन्द्र अब गाउँ गाउँमा
चुल्हो चौका मात्र होइन महिलाहरुलाई सिमित
चेलीवेटी वेचविखनमा परि महिला छन् पिडित

नवज्योति शान्ति प्रबर्द्धन केन्द्र
सचिव, चिप्रिङ्ग ८, खोटाङ्ग

**जुन काम तपाई आज गर्न सक्नुहुन्छ त्यसलाई भोलिको लागि नसाच्नुहोस्-बेन्जामिन फ्रैन्कलिन ।**

जस अन्तर्गत गठन भएका शान्ति प्रबर्द्धन केन्द्रहरु:

| क. सं. | शान्ति प्रबर्द्धन केन्द्र | ठेगाना | सहजकर्ता |
|---|---|---|---|
| १ | सगरमाथा महिला शान्ति प्रबर्द्धन केन्द्र | पाथेका १, रैकर | कमलदेवी बानियाँ |
| २ | सुनगाभा शान्ति प्रबर्द्धन केन्द्र | पाथेका १, वि.क. टोल | संचमायाँ कामी |
| ३ | रसमापपी महिला शान्ति प्रबर्द्धन केन्द्र | पाथेका २, फूलपाति | आरती राई |
| ४ | छारम्हेन्दो महिला शान्ति प्रबर्द्धन केन्द्र | पाथेका ४, नाखाम | पन्विना तामाङ्ग |
| ५ | सुनखरी महिला शान्ति प्रबर्द्धन केन्द्र | पाथेका ४, नाखाम | भक्तलक्षी राई |
| ६ | पाँचकन्या महिला शान्ति प्रबर्द्धन केन्द्र | पाथेका ५, चिमचिमा | भिमराज राई |
| ७ | मनकामना महिला शान्ति प्रबर्द्धन केन्द्र | पाथेका ६, डाँडागाउँ | मिना कुमारी गिरी |
| ८ | बुकिचुङ्ग महिला शान्ति प्रबर्द्धन केन्द्र | पाथेका ७, स्वाजुङ्ग | छत्रकुमारी राई |
| ९ | जागरुक महिला शान्ति प्रबर्द्धन केन्द्र | पाथेका ८, कोलडाँडा | जसकुमारी राई |
| १० | नवद्वित महिला शान्ति प्रबर्द्धन केन्द्र | पाथेका ९, भाँगु | राजाकर्ण राई |
| ११ | फुलपाती महिला शान्ति प्रबर्द्धन केन्द्र | पाथेका २, फूलपाति | कमलदेवी बानियाँ |
| १२ | सुनगाभा महिला शान्ति प्रबर्द्धन केन्द्र | खार्मी ३, निरुटा | निर्मला राई |
| १३ | गोदवारी महिला शान्ति प्रबर्द्धन केन्द्र | खार्मी ६, देसालीटोल | हर्कलक्षी राई |
| १४ | महिला जागरण शान्ति प्रबर्द्धन केन्द्र | चिउरीडाँडा ५, चिउरीडाँडा | पुष्प वि.क. |
| १५ | सकेवा महिला शान्ति प्रबर्द्धन केन्द्र | निर्मलीडाँडा ७ र ८ | तुलसा राई |
| १६ | नारी उद्धार शान्ति प्रबर्द्धन केन्द्र | इन्द्राणीपोखरी ६, नराहा | मिलना राई |
| १९ | लाली गुराँस महिला शान्ति प्रबर्द्धन केन्द्र | पाथेका १, रैकर | कमलदेवी बानियाँ |
| २० | नवज्योति महिला शान्ति प्रबर्द्धन केन्द्र | पाथेका ४, नाखाम | भक्तलक्षी राई |
| २१ | तीनकन्या महिला शान्ति प्रबर्द्धन केन्द्र | पाथेका ५, चिमचिमा | कमलदेवी बानियाँ |
| २२ | सयपत्री महिला शान्ति प्रबर्द्धन केन्द्र | पाथेका ६, बाखमाला | मिना कुमारी गिरी |
| २३ | मेरुङ्ग महिला शान्ति प्रबर्द्धन केन्द्र | पाथेका ९, सिरुवास | राजाकर्ण राई |
| २४ | फूलथुङ्गा महिला शान्ति प्रबर्द्धन केन्द्र | खार्मी ३, नारुटा | निर्मला राई |
| २५ | सुम्निमा सिकीपरी शान्ति प्रबर्द्धन केन्द्र | खार्मी ८ र ९, सल्लेनी | निर्मला राई |
| २६ | नारी जागरण शान्ति प्रबर्द्धन केन्द्र | खार्मी ६, खोटाङ्ग | झम्कना श्रेष्ठ |
| २७ | छाहारी महिला शान्ति प्रबर्द्धन केन्द्र | चिउरीडाँडा ५र७, खोटाङ्ग | पुष्प वि.क. |
| २८ | उच्च ज्योति महिला शान्ति प्रबर्द्धन केन्द्र | चिउरीडाँडा ९, छिताताल | तारा तामाङ्ग |
| २९ | प्रगति महिला शान्ति प्रबर्द्धन केन्द्र | निर्मलीडाँडा ६, मुढेटोल | सारदा राई |
| ३० | चेतना महिला शान्ति प्रबर्द्धन केन्द्र | निर्मलीडाँडा ८, लामाखु | तुलशा राई |
| ३१ | मखमली महिला शान्ति प्रबर्द्धन केन्द्र | चिप्रिङ्ग ६, खोटाङ्ग | मिलना राई |
| ३२ | नवज्योति महिला शान्ति प्रबर्द्धन केन्द्र | चिप्रिङ्ग ८, खोटाङ्ग | मिलना राई |
| ३३ | नमूना महिला शान्ति प्रबर्द्धन केन्द्र | ईन्द्राणीपोखरी ९, खोटाङ्ग | मिलना राई |



स्वास्थ जीवन हाम्रो अभियान भन्ने नाराका साथ
बातावरण दिबशमा चलाएको अभियान सुम्नीमा
सिकीपरि शान्ति प्रबर्द्धन केन्द्र खार्मी-८, ९



सामुहिक फोटो बेमोषमी तरकारी खेती तालिम
साथमा प्लाष्टिक टनेल र विउ दिक्तेल

## यी आँखाले .



सिता गिरी

यी आँखाले के देख्नु परेको
महिला माथी अत्यचार गरेको
अन्यायलाई पाखा लगाउ है
समान हक पाईएन नारी हो
हक खोज्नलाई अघि बढौ है

पढ्न लेख्न पाईएन मौकामा
जीवन वित्यो चुला र चौकामा
महिला भनि गर्दछन हेला
पढ्ने वेला घरधन्दा झमेला
वीस वर्षमा विधुवा भएर
कति बस्नु यो दुःख सहेर
उठौ नारी एक जुट भएर
कति बाँच्नु यो दुःख सहेर
नपढ्नेलाई अन्धो छ यो संसार
उठौ महिला खोजौ है अधिकार
धनिले चाहि खाईरछन् मासु भात
आर.आर.एन. संस्थालाई हाम्रो छ धन्यवाद
अन्यायलाई पाखा लगाउ है
समान हक पाईएन नारी हो
हक खोज्नलाई अघि बढौ है

मनकमना महिला शान्ति प्रबर्द्धन केन्द्र
अध्यक्ष, पाथेका ६, डाँडागाउँ

## अभिसाप नगर



विजय राई

अभिसाप नगर जीन्दागीलाई
बाच्न कति गाह्रो छ
एक पल्ट त चियाई हेरौ
यो नव ज्योतिशान्ति प्रबर्द्धन
केन्द्रलाई, कति अमूल्य छ कति प्यारो छ
महिला दिदी बहिनी हामी सबै एक भै
जुटनु छ गाउँ घरमा मात्र होइन
देशमा पनि लड्नु छ
अभिसाप नगरौ यो जीन्दागीलाई
बाच्न कति गाह्रो छ
महिला हामी पिडित भएर होईन
स्वतन्त्र भई बाच्नुछ
अन्धकारको भूमरीलाई हटाई
हामीले संसारलाई उज्यालो पार्नु छ
जानेर मात्र होइन हामीले नजारे पनि सिक्नु छ
अभिसाप नगर जीन्दागीलाई बाँच्न कति गाह्रो
छ, बाच्न गाह्रो छ

नवज्योति शान्ति प्रबर्द्धन केन्द्र
चिप्रिङ्ग ८. खोटाङ्ग

### खोटाङ जिल्लाका महत्वपुर्ण सम्पर्क फोन नम्बरहरु

- जिल्ला प्रशासन कार्यालय, ०३६-४२०१०२/१३३
- जिल्ला विकास समितिको कार्यालय, ०३६-४२०१२०
- जिल्ला प्रहरी कार्यालय ०३६-४२०१२१/१९९
- जिल्ला अस्पालत, ०३६-४२०१८८/१८९
- जिल्ला आयुर्वेद ०३६-४२०३९२
- जिल्ला शिक्षा कार्यालय, ०३६-४२०१०५
- राष्ट्रिय मानव अधिकार आयोग ०३६-४२०२८४
- आर.आर.एन. ०३६-४२०५५७
- नेपाल टेलिकम, ०३६-४२०१११/२२२